# १.गत आ.व .२०७५/७६को बार्षिक कार्ययोजनाको समिक्षा

गत आ.व. २०७५/०७६ को गत अदालतको वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा गरी हेर्दा देहायका विषयहरुमा देहायको अवस्था रहेको देखिन्छ :-

(क) <u>न्याय सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने कार्य</u>

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनालेँ सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने कार्यलाई मुख्य लक्ष्यको रुपमा निर्धारण गरेको थियो। लक्ष्य प्राप्तिको लागि निम्न रणनीतिहरू तय गरिएको थियोः-

- मुद्दाको फैसला र फैसलाको तयारी तोकिएको समयभित्र गर्ने प्रवन्ध मिलाउने,
- पुराना वक्यौता मुद्दाहरुको न्यूनिकरणमा जोड दिने,
- सुपरिवेक्षण एवं निरीक्षणको कार्यलाई प्रभावकारी बनाउने।

ती रणनीतिहरू अनुसारः

- गत आ.ब. २०७४/०७५को कार्ययोजनाले मुद्दा फछ्र्यौटको जम्मा लक्ष्य ७५ प्रतिशत निर्धारण गरिएको थियो,
- आ.व. २०७५/०७६ मा अघिल्लो आ.ब. २०७४/०७५ बाट जिम्मेवारी सरेका ७४ थान मुद्दा र आ.ब. २०७५/०७६ मा नयाँ दर्ता भएका ३९६ थान मुद्दा समेत गरी जम्मा मुद्दा संख्या ४७० थान मध्ये ३८२ थान मुद्दा अर्थात ८१.२७ प्रतिशत फछ्र्यौट भई ८८ थान गत आ.व. २०७६/७७ का लागि जिम्मेवारी सरेको छ,
- निवेदन-प्रतिवेदन तर्फ आ.व. २०७५/०७६ मा जिम्मेवारी सरि नआएका र नयाँ दर्ता भएका निवेदन ४० थान पुरै अर्थात शत प्रतिशत फछ्र्यौट भएको अवस्था छ,
- आ.व. २०७५/०७६ बाट १ वर्ष नाघेका मुद्दा कुनै पनि बाँकी नरही आ.व. २०७५/०७६ मा ९ महिनाभित्रको ८८ थान मात्र जिम्मेवारी सरी आएका हुँदा ९ महिना नाघेका मुद्दाको संख्या शुन्य रहेको अवस्था छ,
- २०७५ साल कार्तिक महिनाका ३ थान, मंसिर महिनाको २ थान, पुस महिनाका ३ थान, माघ महिनाका ८ थान , फागुन महिनाका १४ थान, चैत महिनाका १७ थान,२०७६ साल वैशाख महिनाका १४ थान, जेठ महिनाका १७ थान र असार महिनाका १० थान गरी जम्मा ८८ थान जिम्मेवारी सरि आएको छ,

गत आ.व. २०७५/७६ को मुद्दातर्फको अवस्था, व्यवस्थापकिय कार्य तथा अन्य काम कारवाही समेतलाई समष्टिगत रुपमा हेर्दा वार्षिक कार्य योजनाले तय गरे अनुरुपको सम्पुर्ण काम कारवाही पुर्ण रुपमा सफल भएको देखिन्छ । देहाय बमोजिमका कामकारवाहीहरु गत आ.व.मा सम्पन्न गरिएका छन्:-

- ९ महिना नाघेका मुद्दा नभएको ।

- ७ दिनदेखि १५ दिनभित्र फैसला तयार गर्ने गरिएको ।
- निवेदन प्रतिवेदन तर्फ आगामी आ.व.का लागि जिम्मेवारी नसरेको ।
- २५० थान Templates निःशुल्क वितरण भएको ।
- फैसला तुरुन्त अपलोड गर्ने गरेको ।
- अभिलेखको हस्तलिखित रेकर्डमा रहेका देवानी ३५२० र फौजदारी ३९१४ गरी जम्मा ७४३४ मुद्दा Software मा प्रविष्ट गरिएको ।अभिलेखमा प्राप्त हुन आएका मुद्दा इन्ट्री गर्न बाँकी नरहेको।
- सेवाग्राहीहरुलाई सुविधा होस भनी सूचना तथा सहयोग कक्षको स्थापना गरिएको ।
- सेवाग्राहीहरुलाई स्वच्छ पिउने पानीको व्यवस्थालाई निरन्तरता दिइएको ।
- ई-हाजिरीलाई निरन्तरता दिई नियमितता कायम गरिएको।
- नागरिक वडापत्र राखिएको ।
- दोभाषेको सूची वार्षिक रुपमा अध्यावधिक गरी दोभाषेको सुविधा प्रदान गरिएको ।
- सेवाग्राहीलाई निर्धारित समयमा नै नक्कल दिने गरिएको ।
- अदालतमा कार्यरत जनशक्तिलाई सूचना प्रविधि मैत्री बनाउने प्रयास गरिएको ।
- मेलमिलाप सम्बन्धी कार्यक्रमलाई प्राथमिकताकासाथ अगाडी बढाउन प्रयास भएको।
- सेवा सम्बन्धी गुनासो भए नभएको बारे सेवाग्राहीसँग feedback लिइएको ।
- अदालतमा प्रवेश गर्ने सेवाग्राहीको रेकर्ड राखी सुरक्षाको प्रत्याभुती गरिएको ।
- थुनुवा/कैदीलाई निःशुल्क रुपमा कानूनी सेवा प्रदान गर्ने क्रममा वैतनिक कानून व्यवसायी राखेको जानकारी पत्र सहित मोवाईल नं. प्रदान गर्ने गरिएको ।
- अदालतको काम कारवाहीलाई पारदर्शी जनमुखी बनाउन अदालतबाट प्रदान गरिने सेवाहरु मुद्दाको लगत, फछ्यौंट, मुद्दाको स्थिती देखिने गरी सर्वोच्च अदालतबाट उपलब्ध डिस्प्ले वोर्डमा मुद्दाको अवस्थाको बारेमा जानकारी दिने कार्यलाई निरन्तरता दिइएको ।
- अदालतको दैनिक सुचना प्रवाह गर्न सुचना अधिकारी तोकिएको तथा कुनै गुनासो भएमा गुनासो सुन्ने अधिकारीको व्यवस्था समेत गरिएको ।
- वार्षिक समिक्षा कार्यक्रममा सबै भन्दा धेरै प्रतिशत मुद्दा फछ्यौंट गर्ने गत इजलास मातहतको भोजपुर जिल्ला अदालत रहेको र अधिकांश फैसलाको पुर्ण पाठ उही दिन तयार गर्ने धनकुटा जिल्ला अदालत र माननीय जिल्ला न्यायाधीशहरुलाई प्रशंसा पत्र प्रदान गरिएको।
- गत आ.व.मा गत इजलासमा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कर्मचारी छनौट गरि का.स. श्री मुक्तिनाथ गौतमलाई नगद पुरस्कार सहित प्रशंसा पत्र प्रदान गरिएको।

गत आ.ब. २०७५/०७६ मा गत अदालतबाट सम्पन्न भएको मुद्दाको लगत फर्छ्यौट लगायतका कामकारवाहीको बिवरणहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :-

# मुद्दा र रिट तर्फको लगत, फछ्र्यौट र बाँकीको  विवरणः-

| क्र.सं. | विषय | | लगत | | | | | | | | फछ्र्यौट | | | | | | फछ्र्यौट प्रतिशत | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरी आएको अवधिगत वर्गीकरण | | | | | | नयाँ दर्ताको लगत | जम्मा लगत | फछ्र्यौटको अवधिगत वर्गीकरण | | | | | | | बाँकी लगतको वर्गीकरण | | | | | |
| | | | ९ महिना भित्रको | ९ महिनादेखि १ वर्षभित्रको | १ वर्ष देखि १८ महिना भित्रको | १८ महिनादेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा | | | ९ महिना भित्रको | ९ महिनादेखि १ वर्षभित्रको | १ वर्ष देखि १८ महिना भित्रको | १८ महिनादेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा | | ९ महिना भित्रको | ९ महिनादेखि १ वर्षभित्रको | १ वर्ष देखि १८ महिना भित्रको | १८ महिनादेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा |
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ० | ० | ० | ० |
| | | सरकारवादी देवानी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ० | ० | ० | ० |
| | | व्यक्तिवादी फौजदारी | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ०.०० | २ | ० | ० | ० | ० | २ |
| | | सरकारवादी फौजदारी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ०.०० | २ | ० | ० | ० | ० | २ |
| २ | पुनरावेदकीय क्षेत्राधिकार अन्तरगत | व्यक्तिवादी देवानी | १७ | ० | ० | ० | ० | १७ | ६३ | ८० | ५२ | ५ | ० | ० | ० | ५७ | ७१.२५ | २३ | ० | ० | ० | ० | २३ |
| | | सरकारवादी देवानी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ० | ० | ० | ० |
| | | व्यक्तिवादी फौजदारी | १० | ० | ० | ० | ० | १० | २१ | ३१ | २२ | ३ | ० | ० | ० | २५ | ८०.६४ | ६ | ० | ० | ० | ० | ६ |
| | | सरकारवादी फौजदारी | ४४ | ० | ० | ० | ० | ४४ | २६४ | ३०८ | २६० | १ | ० | ० | ० | २६१ | ८४.७४ | ४७ | ० | ० | ० | ० | ४७ |
| | | जम्मा | ७१ | ० | ० | ० | ० | ७१ | ३४८ | ४१९ | ३३४ | ९ | ० | ० | ० | ३४३ | ८१.८६ | ७६ | ० | ० | ० | ० | ७६ |
| ३ | साधक | | ० | ० | ० | ० | ० | ० | ९ | ९ | ७ | ० | ० | ० | ० | ७ | ७७.७७ | २ | ० | ० | ० | ० | २ |
| देवानी र फौजदारी | | देवानीतर्फको जम्मा | १७ | ० | ० | ० | ० | १७ | ६३ | ८० | ५२ | ५ | ० | ० | ० | ५७ | ७१.२५ | २३ | ० | ० | ० | ० | २३ |
| | | फौजदारीतर्फको जम्मा | ५४ | ० | ० | ० | ० | ५४ | २८७ | ३४१ | २८२ | ४ | ० | ० | ० | २८६ | ८३.८७ | ५५ | ० | ० | ० | ० | ५५ |
| देवानी, फौजदारी र साधक तर्फको कूल जम्मा | | | ७१ | ० | ० | ० | ० | ७१ | ३५९ | ४३० | ३४१ | ९ | ० | ० | ० | ३५० | ८१.३९ | ८० | ० | ० | ० | ० | ८० |
| ४ | रिट | बन्दी प्रत्यक्षीकरण | ० | ० | ० | ० | ० | ० | ४ | ४ | ४ | ० | ० | ० | ० | ४ | १०० | ० | ० | ० | ० | ० | ० |
| | | परमादेश | ० | ० | ० | ० | ० | ० | ५ | ५ | ३ | ० | ० | ० | ० | ३ | ६० | २ | ० | ० | ० | ० | २ |
| | | उत्प्रेषण | ३ | ० | ० | ० | ० | ३ | १५ | १८ | १६ | ० | ० | ० | ० | १६ | ८८.८८ | २ | ० | ० | ० | ० | २ |
| | | प्रतिषेध | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | अधिकारपृच्छा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | निषेधाज्ञा | ० | ० | ० | ० | ० | ० | १३ | १३ | ९ | ० | ० | ० | ० | ९ | ६९.२३ | ४ | ० | ० | ० | ० | ४ |
| रिटको जम्मा | | | ३ | ० | ० | ० | ० | ३ | ३७ | ४० | ३२ | ० | ० | ० | ० | ३२ | ८०.०० | ८ | ० | ० | ० | ० | ८ |
| कुल जम्मा | | | ७४ | ० | ० | ० | ० | ७४ | ३९६ | ४७० | ३७३ | ९ | ० | ० | ० | ३८२ | ८१.२७ | ८८ | ० | ० | ० | ० | ८८ |

# निवेदन प्रतिवेदन तथा फुटकर निवेदनहरुको लगत, फछ्र्यौंट र बाँकीको विवरण

| क्र.सं. | विषय | लगत | | | | | | फछ्र्यौंट | | जम्मा फछ्र्यौंटको अवधिगत वर्गिकरण | | | बाँकी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरिआएको | | | | नयाँ दर्ता | जम्मा लगत | गत महिनाको | चालु आ.ब.को हाल सम्मको जम्मा | १ महिना भित्रको | १ देखि २ महिना भित्रको | २ महिना नाघेर | १ महिना भित्रको | १ देखि २ महिना भित्रको | २ महिना नाघेको | जम्मा |
| | | १ महिना भित्रको | १ देखि २ महिना भित्रको | २ महिना नाघेको | जम्मा | | | | | | | | | | | |
| १ | निवेदन | 0 | 0 | 0 | 0 | ४० | ४० | ४० | ० | ० | ४० | ० | ० | ० | ० | ० |
| २ | प्रतिवेदन | 0 | 0 | 0 | 0 | ३९ | ३९ | ३६ | १ | २ | ३९ | ० | ० | ० | ० | ० |
| जम्मा | | 0 | 0 | 0 | 0 | ७९ | ७९ | ७६ | १ | २ | ७९ | ० | ० | ० | ० | ० |
| ३ | फुटकर निवेदनहरु | 0 | 0 | 0 | 0 | २० | २० | २० | ० | ० | २० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | 0 | 0 | 0 | 0 | ९९ | ९९ | ९६ | १ | २ | ९९ | ० | ० | ० | ० | ० |

# फैसला तयारी सम्बन्धी विवरण

| क्र.सं. | फैसला गर्ने न्यायाधीशको नाम | तयार गर्नुपर्ने फैसला संख्या | | | गत महिनाको तयारी फैसला | गत आ.व को तयारी फैसला संख्या | | | तयार हुन बाँकी फैसला संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरिआएको | गत बर्षको फैसला | जम्मा | | २१ कार्यदिनभित्र | २१ कार्यदिन नाघेर | जम्मा | २१ कार्यदिनभित्र | २१ कार्यदिन नाघेर | जम्मा |
| 1 | श्री विनोद शर्मा | १३ | ११२ | १२५ | ० | १२५ | ० | १२५ | ० | ० | ० |
| २ | श्री नीता गौतम दीक्षित | ० | १६२ | १६२ | ३९ | १६२ | ० | १६२ | ० | ० | ० |
| 3 | श्री श्रीमण कुमार गौतम | १५ | २५९ | २७४ | २८ | २७४ | ० | २७४ | ० | ० | ० |
| ४ | श्री सुभाष पौडेल | १४ | ० | १४ | ० | १४ | ० | १४ | ० | ० | ० |
| ५ | श्री बबिता उप्रेती | ० | २२८ | २२८ | ४२ | २२८ | ० | २२८ | ० | ० | ० |
| जम्मा | | ४२ | ७६१ | ८०३ | १०९ | ५२६ | ० | ८०३ | ० | ० | ० |

# मुद्दामा अंग पुऱ्याउने कार्य

| क्र.सं. | सुपरिन्टेन्डेन्ट नाम | जम्मा मुद्दाको लगत | | | अङ्ग पुगेका जम्मा मुद्दा सँख्या | | | फैसला नभएको अङ्ग पुगेको जम्मा मुद्दा संख्या | अङ्ग नपुगेको मुद्दा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको मुद्दा संख्या | नयाँ दर्ता भएको मुद्दा संख्या | जम्मा लगत | ६ महिना भित्र अङ्ग पुगेका | ६ महिना नाघेर अङ्ग पुगेका | जम्मा | | |
| १ | श्री लिलानाथ बराल | ७४ | ३९६ | ४७० | २४३ | २१७ | ४६० | ४२ | ४६ |
| जम्मा | | ७४ | ३९६ | ४७० | २४३ | २१७ | ४६० | ४२ | ४६ |

# मातहतका अदालत र अर्ध न्यायीक निकायको निरिक्षण गर्ने कार्य

| क्र.सं. | निरीक्षण भएको अदालत र अन्य कार्यालयहरु | | भएको मिति निरीक्षण | गर्ने निरीक्षण मा.न्या. को नाम | निरीक्षण पटक | निर्देशन सँख्या | निर्देशन कार्यान्वयन गरेको सँख्या | निर्देशन कार्यान्वयन गर्न बाँकि सँख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अदालतको नाम | धनकुटा जिल्ला अदालत | २०७५/१२/१ | नीता गौतम दीक्षित | १ | ७३ | ० | ० | अनुगमन हुन बाँकी |
| | अन्य निकायको नाम | कारागार कार्यालय धनकुटा | २०७५/१२/०५ | नीता गौतम दीक्षित | १ | ८ | ० | ० | अनुगमन हुन बाँकी |
| | | भूमिसुधार धनकुटा | २०७५/१२/०४ | नीता गौतम दीक्षित | १ | ९ | ० | ० | अनुगमन हुन बाँकी |
| २ | अदालतको नाम | भोजपुर जिल्ला अदालत | २०७५/११/१९ | नीता गौतम दीक्षित | १ | ५९ | ० | ० | अनुगमन हुन बाँकी |
| | अन्य निकायको नाम | कारागार कार्यालय भोजपुर | २०७५/११/१९ | नीता गौतम दीक्षित | १ | ८ | ० | ० | अनुगमन हुन बाँकी |
| | | भूमिसुधार भोजपुर | २०७५/११/१९ | नीता गौतम दीक्षित | १ | ५ | ० | ० | अनुगमन हुन बाँकी |
| ३ | अदालतको नाम | संखूवासभा जिल्ला अदालत | २०७५/११/२७ | श्रीमण कुमार गौतम | १ | ८३ | ० | ० | अनुगमन हुन बाँकी |
| | अन्य निकायको नामा | कारागार कार्यालय संखुवासभा | २०७५/११/२८ | श्रीमण कुमार गौतम | १ | ५ | ० | ० | अनुगमन हुन बाँकी |
| | | भूमिसुधार संखुवासभा | २०७५/११/२८ | श्रीमण कुमार गौतम | १ | ३ | ० | ० | अनुगमन हुन बाँकी |
| | अदालतको नाम | तेह्रथुम जिल्ला अदालत | २०७५/१२/०३ | बबिता उप्रेती | १ | ७१ | ० | ० | अनुगमन हुन बाँकी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अन्य निकायको नाम | कारागार तेह्रथुम | २०७५/१२/०४ | बबिता उप्रेती | १ | ४ | ० | ० | अनुगमन हुन बाँकी |
| | | भूमिसुधार तेह्रथुम | २०७५/१२/०५ | बबिता उप्रेती | १ | ८ | ० | ० | अनुगमन हुन बाँकी |
| ५ | धनकुटा | कारागार कार्यालय | २०७६/०१/२७ | नीता गौतम दीक्षित श्रीमण कुमार गौतम | १ | - | - | - | सर्वोच्च अदालतको निर्देशन बमोजिम सजाय छुट सम्बन्धमा |
| ६ | तेह्रथुम | कारागार कार्यलय | २०७६/०२/०३ | नीता गौतम दीक्षित बबिता उप्रेती | १ | - | - | - | सर्वोच्च अदालतको निर्देशन बमोजिम सजाय छुट सम्बन्धमा |

## मिसिलको आन्तरिक निरीक्षणको निर्देशन अनुगमन गर्ने कार्य

**रजिष्ट्रारको नामःश्री शम्भु प्रसाद बराल**

| क्र.सं. | अनुगमन गर्ने अधिकृतको नाम | फाँट नं. | गत वर्षमा निरीक्षण गरेको मुद्दा सँख्या | गत वर्षमा निरीक्षण नगरेको मुद्दा सँख्या | जम्मा मुद्दा संख्या | गत आ.व. मा अनुगमन गरेको जम्मा मुद्दा संख्या | | | जम्मा अनुगमन गर्न बाँकी निरीक्षण गरेको मुद्दा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ७ दिन भित्र | ७ दिन नाघेर | जम्मा | |
| १ | श्री विष्णु प्रसाद खतिवडा | १ | ४०२ | ६८ | ४७० | ४०२ | ० | ४०२ | ० |
| जम्मा | | | ४०२ | ६८ | ४७० | ४०२ | ० | ४०२ | ० |

# (ख) वित्तिय तथा भौतिक अवस्था

**(१) चालु साधारण तर्फ (२०४०१२३)**

गत आ.व. २०७५/०७६ मा चालू खर्च (साधारण) तर्फ रु.३,०७,९७,३०२/- (तीन करोड सात लाख सन्तानब्बे हजार तीनसय दुइ मात्र) रकम विनियोजन भएकोमा गत आ.व. को आषाढ मसान्तसम्म रु.२,५४,०४,१९६।८३ (दुई करोड चौवन्न लाख चार हजार एक सय छयानब्बे पैसा त्रियासी) खर्च भएको र बाँकी रु.५३,९३,१०५।१७ (त्रिपन्न लाख त्रियान्वे हजार एकसय पाच पैसा सत्र मात्र) बजेट फ्रिज भएको छ । जसमध्ये निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भारका लागि प्राप्त रु.३,००,०००/- (तीनलाख रुपैयाँ)बाट अदालतको प्रवेश बाटोको नाली र नालीमाथी ढलान, अदालत परिसरको गेट छेउको नाली, नालीमाथी ढलान र न्यायाधीश आवास परिसरमा आँगन सम्याउने, टेवा पर्खाल लगाउने कार्य गरिएको छ । प्रोत्साहन भत्ता बापत रु.१५,५७,५५६।८०( पन्ध्र लाख सन्ताउन्न हजार पाँच सय छप्पन रुपैयाँ असि पैसा) खर्च भएको, कार्यक्रम खर्च Meet the Judge, Judicial Outreach, योजना समिक्षा, जनशक्तिसँग अन्तरक्रिया, वार्षिक कार्ययोजना निर्माण र संप्रेषण, संहितासम्बन्धी तालिम, अभिलेख व्यवस्थापन कार्यक्रम, मेलमिलापकर्तालाई परिवहन खर्च का लागि रु.८,००,०००/-(आठ लाख रुपैयाँ) को अख्तियारी प्राप्त भएकोमा रु.७,६९,९४४/-(सात लाख उनन्सत्तरी हजार नौ सय चौवालीस रुपैयाँ) खर्च भई बाँकी रु.३०,०५६/- (तीस हजार छपन्न मात्र) फ्रिज भएको अवस्था छ ।

**(२) मेलमिलाप चालुतर्फ (२०४०२२३)**

गत आ.व. २०७५/०७६ मा अदालतलाइ मेलमिलाप तर्फ रु.६०,०००/- (साठी हजार रुपैयाँ) को अख्तियारी प्राप्त भएकोमा रकम रु.६०,०००/- (साठीहजार) को मेलमिलाप तालीम सम्पन्न भएको अवस्था छ ।

**(३) पूँजीगततर्फ (२०४०१२४)**

गत आ.व. २०७५/०७६ मा पूंजीगत खर्च गत अदालतलाई रु.२२,५०,०००/-(बाइस लाख पचास हजार रुपैयाँ) अख्तियारी प्राप्त भएकोमा भवन निर्माण, फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार, गरी रु. २२,४०,११०।९१ (बाईस लाख चालिस हजार एक सय दश रुपैयाँ पैसा एकान्नव्वे) मात्र खर्च भई रु. ८,८०९।०९(आठ हजार आठ सय नौ रुपैयाँ नौ पैसा) बाँकी रहेको छ ।

भवन निर्माणतर्फ अतिथी गृहमा स्नानगृह तथा शौचालय तथा अदालत भवन अगाडीको कर्मचारी आवास भवन माथी ट्रस राखी सभाहल निर्माण गरिएको, फर्निचर तथा फिक्चर्स सोही सभाहलको लागि खरिद गरिएको र मेसिनरी औजार अन्तर्गत १(एक) थान क्योसेरा फोटोकपी मेसिन खरिद गरिएको छ ।

**(४) राजस्व तर्फ**

गत आ.व. मा अघिल्लो आ.व. को नगद बाँकी नरहेको र गत आ.व. को राजस्व आम्दानी रु. १,३६,८१३/- (एक लाख छतिस हजार आठ सय तेह्र रुपैयाँ) उठेको मध्ये रकम रु. २३६/- (दुई सय

छत्तिस रुपैया) नगद रहेको रु. १,३६,५७७/-(एक लाख छत्तिस हजार पाँच सय सतहत्तर रुपैया) सर्वसंचित कोषमा दाखिला भएको छ।

**(५) धरौटीतर्फ**

गत आ.व. मा धरौटीतर्फ रु.१०,२२,९२४।७८ (दश लाख बाइस हजार नौ सय चौविस रुपैयाँ पैसा अठहत्तर) जिम्मेवारी सरेको र गत वर्ष रु. ४,७६,१३६।५०(चार लाख छयहत्तर हजार एक सय छतिस रुपैया पैसा पचास) आएको धरौटी गरी जम्मा धरौटी रु. १४,९९,०६१।२८/(चौध लाख उनान्सय हजार एकसठ्ठी रुपैयाँ पैसा अठ्ठाइस) बाँकी रहेको छ । गत आ.व. २०७५/०७६ मा गत इजलासको विनियोजन, राजस्व र धरौटी लगायतको अख्तियारी, खर्च, आम्दानीको व्यवस्थापन गरिएको छ ।

यसरी माथिका कामहरुको समग्र मुल्याङ्कन गर्दा गत आ.व. २०७५/०७६ लाई गत इजलासको इतिहासमा निर्माण र मर्मतको सुनौलो वर्ष भन्दा अतियुक्ति नहोला । आज यस इजलासका माननीय न्यायाधीशज्यूहरुको क्वाटर, अतिथीगृह तथा सभाहल नमुनायोग्य बनेका छन् ।यस कार्यमा निरन्तर निर्देशन एवं मार्गदर्शन गर्नुहुने यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री बिनोद शर्मा(हाल उच्च अदालत विराटनगर), यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री नीता गौतम दीक्षित ज्यु, इस्टिमेट एवं सुपरभिजन गर्नु हुने सहरी विकास तथा भवन कार्यालय, धनकुटाका सी.डि.ई. तथा इन्जिनियर, निर्माण व्यवसायी सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

# (ग)वार्षिक रुपमा सम्पन्न भएका व्यवस्थापकीय कार्यहरु

| कार्य | | मासिक रुपमा सम्पन्न कार्यहरुको प्रगति | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | |
| परामर्श सेवा संचालन | लक्ष्य | आएकाबखत दिनको १ पटक सेवाग्राही | | | | | | | | | | | | |
| | प्रगति | | | | | | | | | | | | | |
| संचालन कार्यक्रम Judicial Outreach | लक्ष्य | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ३ |
| | प्रगति | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ३ |
| संचालन कार्यक्रम Meet the Judge | लक्ष्य | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १२ |
| | प्रगति | १ | १ | १ | १ | १ | ० | १ | १ | १ | १ | १ | १ | ११ |
| योजनाको आन्तिरक प्रगति समिक्षा | लक्ष्य | १ | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ३ |
| | प्रगति | १ | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ३ |
| योजना कार्यान्वियनका सम्बन्धमा सरोकारवालाहरुसंग अन्तर क्रिया | लक्ष्य | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ |
| | प्रगति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सडाउनुपर्ने कागजातहरु सडाएको मिसील संख्या | लक्ष्य | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २४० |
| | प्रगति | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २० | २४० |
| न्यायक्षेत्र समन्वय समितिको बैठक | लक्ष्य | १ | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | ४ |
| | प्रगति | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ३ |
| वार र सरकारी वकिलसंग अन्तर क्रिया | लक्ष्य | १ | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | ४ |
| | प्रगति | १ | ० | ० | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ४ |
| संचारकर्मीहरुसंग अन्तर क्रिया | लक्ष्य | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ३ |
| | प्रगति | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ३ |
| मुद्दाको टिपोट | लक्ष्य | ५३ | १६ | २० | १२ | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | २५ | ३३६ |
| | प्रगति | ५३ | १६ | २० | १२ | ३० | ३० | ३० | ३० | ३० | ४० | ३५ | २५ | ३५१ |

# २. वर्तमान वस्तुस्थितीको विश्लेषण र सम्बोधन गर्नुपर्ने विषय

न्यायपालिकाद्वारा सम्पादन गरिने कामकारवाहीहरुलाई योजनाबद्ध ढंगबाट संचालन गरी न्याय निरुपणको कार्यलाई प्रभावकारी बनाई न्याय पद्धतिको सुदृढीकरण एवं विकास गर्ने उद्देश्यले आ.व. २०६१/०६२ देखि पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन हुँदै आ.व. २०७५/०७६ मा तेस्रो पञ्चवर्षीय  रणनीतिक योजना सम्पन्न भइसकेको अवस्था छ। यस आ.व.२०७६/७७ देखि न्यायपालीकाको चौथो पञ्चवर्षिय रणनीतिक योजना लागु भइसकेको परिप्रेक्ष्यमा वार्षिक कार्ययोजना तयार गर्दा चालु चौथो पञ्चवर्षिय रणनीतिक योजनालाई  दृष्टिगत गरी परिष्कृत र नयाँ ढंगले योजनाको नीति अवलम्बन गर्नुपर्ने स्थिति विद्यमान छ। संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा सबैका लागि स्वच्छ एवं निष्पक्ष न्यायको सुनिश्चितता प्रत्याभुत गर्न विगत १५ वर्षदेखि न्यायपालिकाले रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिबृद्धि, न्यायीक सुशासनको प्रवर्धन, अदालत व्यवस्थापनको सुदृढिकरण र न्यायपालीकाप्रतिको आस्था र विश्वासको अभिबृद्धि गर्ने पाँच वटा मूल लक्ष्यहरु निर्धारण गरेको छ।योजनाले निर्धारण गरेका यी पाँच वटा मुल लक्ष्यहरु हासिल गर्नका लागि प्रत्येक अदालतहरुले मुद्दा दर्ता गर्ने, फछ्र्यौट गर्ने तथा अन्य व्यवस्थापकीय कार्यहरुको मासिक तथा वार्षिक लक्ष्य निर्धारण गरी प्रत्येक वर्ष वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने विद्यमान अवस्था रहेको छ। यस इजलासले पनि प्रत्येक वर्ष वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ । आ.व. ०७५/७६ मा नयाँ मुद्दा दर्ता अनुमान ३८० थान गरिएकोमा ३९६ थान मुद्दा दर्ता भई यथार्थमा जम्मा लगत ४७० कायम भएको थियो।फछ्र्यौट अनुमान ३१५ थान मुद्दा फछ्र्यौट लक्ष्य राखिएकोमा जम्मा ३८२ थान मुद्दा फछ्र्यौट भइ अनुमानीत लक्ष्यको १००.५२% भयो  भने यथार्थ लगतको ८१.२७% फछ्र्यौट भएको अवस्था छ । गत आर्थिक वर्षमा गत इजलासले लक्ष्य अनुसारको प्रगति हासिल गर्न सफल भएको छ। साथै निवेदन प्रतिवेदनतर्फ गत इजलासले १००% फछ्र्यौट गर्न सफल भएको छ । यसरी विश्लेषण आ.व.२०७५/७६ को कार्ययोजनाले निर्धारण गरेको लक्ष्य हासिल गरेको देखिन्छ ।यसरी अपेक्षित उपलब्धी हासिल हुनुमा माननीय न्यायाधीशज्यूहरुको मार्गदर्शन, रजिष्ट्रारज्यूको कुशल नेतृत्व क्षमता एवं अन्य कर्मचारीहरुको कार्यकुशलता तथा कर्तव्यनिष्ठतानै प्रमुख देन रहेको छ। साथै बार वेञ्चको सुमधुर सम्बन्ध, सहयोग तथा सरकारी वकील कार्यालय एवम् अन्य सरोकारवाला निकायहरुको सहयोगको समेत अहम् भुमीका रहेको कुरालाई अन्यथा भन्न मिल्दैन ।

यस इजलासलाई कार्ययोजना बमोजिमको लक्ष्य हासिल गर्नमा विभिन्न समस्याहरु आई परेका थिए। यस इजलासमा कम्प्युटर अपरेटर, टाइपिस्ट नायब सुब्बा पद १/१ को दरबन्दी रहेकोमा उक्त दरबन्दी

मध्ये कम्प्युटर अपरेटर करारमा नियुक्त गरिएको र टाइपिस्ट पद कम्प्युटर अपरेटर पदमा परिवर्तन हुन नसकी पदपुर्ती हुन नसकेकाले फैसला तयारीमा समस्या रहेको छ ।पर्याप्त फर्निचर, कम्प्युटर, प्रिन्टर नभएको कारणले नियमित सेवा प्रवाहमा समस्या रहेको छ । यस इजलासमा कार्यरत जनशक्तिहरुलाई यथोचित रुपमा कम्प्युटर सम्बन्धी तालिम दिन नसकिएकाले मुद्दाका दैनिक कार्य एवं फैसला तयारीको कार्यमा समेत प्रतिकुल प्रभाव पर्न गएको छ ।

यस इजलासमा भएको भौतिक तथा मानविय संसाधनको अवस्थाः-

- अधिकांश कम्प्युटरहरु पुराना रहेका र पर्याप्त मात्रामा नरहेका,
- यस इजलासमा कार्यरत जनशक्तिको कम्प्युटर सम्बन्धी सिप विकासका लागि निजहरुलाई आवश्यक तालिम प्रदान गर्नुपर्ने,
- मिति २०७५/०५/०१ देखि लागू भएको मुलुकी देवानी फौजदारी संहिता कानून एवं कार्यविधि कानूनको सफल कार्यान्वयनका लागि थप तालिम कार्यक्रम संचालन गर्नुपर्ने,
- सभा हलको पश्चिम र दक्षिण तर्फको बाहिर पट्टिको भित्ता प्लस्टर गर्नु पर्ने,
- सभा हलको पश्चिममा रिटेनिङ वाल लगाउनु पर्ने,
- सभा हलको बाहिर पट्टि रङरोगन लगाउनु पर्ने,
- सभा हलको बाहिर पट्टि रङरोगन लगाउनु पर्ने,
- सेवाग्राही प्रतिक्षालय बनाउनु पर्ने, अदालत भवनको छाना मर्मत गर्नु पर्ने,
- माथिल्लो न्यायाधीश आवासको पछाडी पट्टि रिटनिङ वाल लगाउनु पर्ने,
- तल्लो न्यायाधीश आवासको दक्षिण तर्फको साइडमा रिटनिङ वाल लगाउनु पर्ने ,
- न्यायाधीश आवासको परिसरमा रहेको पुरानो ग्यारेजमा पानी चुहिनेहुँदा ट्रस्ट लगाउनु पर्ने,
- फोटोकापि मेसिन पुरानो भई बारम्बार मर्मत गर्दापनि राम्रोसँग नचल्ने भएको हुँदा नयाँ खरिद गरिएको,
- मुद्दा, दर्ता, अभिलेख फाँटमा काउण्टरको निर्माण गर्नु पर्ने

# ३.चालु आ.व. २०७६/०७७ को वार्षिक तथा मासिक लक्ष्य निर्धारण

यस उच्च अदालत विराटनगर धनकुटा इजलासले गत आ.व. २०७५/०७६ को वार्षिक कार्ययोजनाको समिक्षा गरी २०७६ साल श्रावण १ गतेदेखि लागु भएको चौथो पञ्चवर्षिय रणनीतिक योजनाको अध्ययन गरी प्रस्तुत रणनीतिक योजनाले निर्धारित गरेका लक्ष्य र रणनीतिक उद्देश्य अवलम्वन गर्दै आ.व. २०७६/०७७ को वार्षिक कार्ययोजना तयार गर्ने प्रयत्न गरिएको छ।सम्मानित सर्वोच्च अदालतले उच्च अदालतको लागि निर्धारण गरी वेबसाइटमा राखिएका फारमहरु समेतको आधारमा नयाँ मुद्दा दर्ताको लक्ष्य, मुद्दा फछ्र्यौटको लक्ष्य,आन्तरिक निरीक्षण लगायत व्यवस्थापकीय कार्य र अदालत व्यवस्थापनका कार्यहरु समेतको लक्ष्य निर्धारण गरी लक्ष्य अनुरुप प्रगति हासिल हुने अपेक्षा राखिएको छ।

यस अदालतले आ.व. २०७६/०७७ को वार्षिक कार्ययोजनामा देहाय बमोजिमका लक्ष्यहरु निर्धारण गरेको छ।

(क)मुद्दा फछ्र्यौट गर्ने कार्यको वार्षिक लक्ष्य।

(ख)मुद्दा फछ्र्यौट गर्ने कार्यको मासिक लक्ष्य।

(ग) मुद्दा फछ्र्यौट गर्ने कार्यको इजलासगत मासिक लक्ष्य।

(घ) आन्तरिक निरीक्षण गर्ने कार्यको मासिक लक्ष्य।

(ङ) अनुगमनको लक्ष्य , मातहतका अदालतको निरीक्षण ,मातहतका भूमिसुधार र कारागार कार्यालयको निरीक्षण।

(च) अन्य व्यवस्थापकीय कार्यको लक्ष्य ।

उल्लेखित कार्ययोजनाको लक्ष्यलाई संख्यात्मक रुपमा निम्नानुसारको तालिका र स्तम्भका आधारमा उल्लेख गरिएको छ।